विराट् चक्र विज्ञान-२०८१ को अवधारणा-पत्र

## नेपालको मौलिक ज्ञान, स्वजागरण ध्यान<br>हिमालको काखमा, विराट् चक्र विज्ञान

### १. पृष्ठभूमि

जीवन विज्ञान नेपाल भूमिमा जन्मिएर हालसम्म विश्वका ७० भन्दा बढी मुलुकहरूमा फैलिएको आधुनिक वैज्ञानिक आध्यात्मिक संस्था हो । यो नवयुग निर्माणको सङ्कल्प बोकेर धर्म, जात, सम्प्रदायभन्दा माथि उठी राष्ट्रसेवा र मानवसेवामा समर्पित छ । यस संस्थाले विगत १३ वर्षदेखि योग, ध्यान र समाधी साधनाका गहन प्रयोग, सकारात्मक सोच, व्यक्तित्व विकास, नेतृत्व विकास र जीवनशैली व्यवस्थापनमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

परापूर्व कालदेखि ऋषिमनिषिहरूले दिएको मौलिकता सहितको सूत्र, मनोविज्ञान र आधुनिक विज्ञानलाई संयोजन गर्दै जीवन विज्ञान प्रतिष्ठानबाट तयार पारिएको यस विधिबाट हजारौँ व्यक्तिले लाभ लिइसकेका छन् । मनुष्यले आफ्नो भाग्यलाई स्वयम् रुपान्तरण गर्न सक्ने क्षमता छ भन्ने विषयवस्तु र उक्त आध्यात्मिक अभ्यास स्वदेश र विदेशमा प्रत्येक व्यक्तिलाई सुसूचित गराउन *‘नेपालको मौलिक ज्ञान स्वजागरण ध्यान, हिमालको काखमा विराट् चक्र विज्ञान’* भन्ने भावलाई विश्वमाझमा फैलाउन पर्यटकीय नगरी पोखरामा ६ हजारबढीको सहभागितामा विराट् चक्र विज्ञानको आयोजना गर्न लागिएको छ ।

### २. जीवन विज्ञानको परिचय

नवयुग निर्माणको सङ्कल्प बोकेर धर्म, जात, सम्प्रदायभन्दा माथि उठेर राष्ट्रसेवा र मानवसेवामा समर्पित आध्यात्मिक संस्था हो जीवन विज्ञान । यस संस्थाले सकारात्मक सोच, व्यक्तित्व विकास, नेतृत्व विकास, जीवनशैली व्यवस्थापन र ध्यान साधनामुखी विभिन्न कार्यक्रम विगत १३ वर्षदेखि सञ्चालन गर्दै आएको छ ।

जीवन विज्ञान नेपाल भूमिमा जन्मिएर हालसम्म विश्वका ७० भन्दा बढी मुलुकहरूमा फलिएको आधुनिक वैज्ञानिक आध्यात्मिक संस्था हो । जीवन विज्ञानद्वारा सञ्चालित कायक्रमबाट हालसम्म ४० लाख व्यक्तिहरूले लाभ लिइसकेका छन् । यस संस्थाले नेपाल सरकारका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयसँगको सहकार्यमा **स्वजागरण अभियान** सञ्चालन गर्दै आएको छ । २०८० चैत्रमा ५३०० जनाको सहभागितामा **विराट् चक्र विज्ञान** र **लुम्बिनी स्वजागरण उत्सव** ऐतिहासिक रूपमा सम्पन्न गरेको छ । साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुरक्षा निकायहरू, नेपाल राष्ट्र बैङ्क, सरकारी निकायका विभाग तथा कार्यालयहरू, बैङ्क तथा वित्तीय संघ-संस्था, शैक्षिक संस्था, स्थानीय तह तथा जनप्रतिनिधिलगायत नेपाल तथा विश्वभरका करिव १५०० भन्दा बढी संघ संस्थाहरू समक्ष आफ्नो कार्यक्रमहरू पुऱ्याउनुका साथै सामाजिक क्षेत्रमा समेत उत्तरदायित्व वहन र अभिप्रेरित गर्दै आएको छ । यसैगरी २०८१ भदौ १४ गते संघीय संसदको दुवै

सदनका माननीय सदस्यज्यूहरूका लागि आयोजित स्वजागरण कार्यक्रममा प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्का सदस्यहरू र दुवै सदनका माननीयज्यूहरूको सहभागिता रह्यो । यस्तै २०८१ असोज १२ गते गण्डकी प्रदेशका सबै प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख उपप्रमुखको सहभागितमा गण्डकी स्वजागरण कार्यक्रम सम्पन्न गरेको छ ।

यसका अलवा जीवन विज्ञानले मठ, मन्दिर, नदी, सडकहरूको सरसफाई, वृक्षरोपणलगायतका सामाजिक क्षेत्रमा उत्तरदायित्व वहन गर्दै र अभिप्रेरित गर्दै आएको छ ।

## ३. कार्यक्रमको उद्देश्य

क. व्यक्तिभित्र नैसर्गिक रूपमा रहेका स्वास्थ्य, सुख, आत्मविश्वास, प्रेम, ज्ञान, सङ्कल्प र आनन्दको अद्भूत क्षमता र सम्भावनालाई उजागर गरी सुखी, शान्त र समृद्ध राष्ट्र निर्माणको आधार तयार गर्नु ।

ख. मानव समुदायको रुपान्तरणका लागि व्यक्तिबाट शुरु गरी परिवार, संस्था, समाज र राष्ट्र हुँदै विश्व मानवतासम्म फैलाउन 'स्व-जागरण' अभियानलाई प्रवर्धन एवम् विस्तार गर्नु ।

ग. तपोभूमि, ध्यानभूमि र शान्तिभूमि नेपालको ध्यानको मौलिक शिक्षालाई सामूहिक रुपमा विश्वमाझमा फैल्याई नेपाललाई एक उत्कृष्ट आध्यात्मिक पर्यटकीय गन्तव्य स्थलको रूपमा स्थापित गर्ने आधार तयार गर्नु ।

## ४. कार्यक्रम सञ्चालन विधि

क. मिति २०८१ फागुन ११ गतेदेखि १७ गतेसम्म 'विराट् चक्र विज्ञान' पोखरामा हुने ।

ख. प्रत्येक दिन एकचक्रको बारेमा व्याख्या, स्वभाव अनुसार व्यक्तिमा देखिने व्यवहार र सवल बनाउने उपचारको प्रयोगात्मक अभ्यास हुने ।

ग. कार्यक्रम बिहान ७:३० बजेदेखि साझँ ५:०० बजेसम्म श्रद्धेय रमेश गुरुदेव र श्रद्धेय भानु गुरुदेवबाट सञ्चालन हुने ।

## ५. विराट् चक्र विज्ञानबाट व्यक्तिगत तवरमा प्राप्त गर्न सकिने लाभहरू

- शरीर स्वस्थ, सक्रिय र ऊर्जावान भएको महसुस हुन्छ ।
- आध्यात्मिक साधना विधिमा स्पष्टता र विधिमा गहिरो प्रगति हुनेछ । मनमा प्रसन्नता र सकारात्मकता बढ्नाले तनाव न्यून भइ उच्चतम खुसीको अनुभूति हुन्छ ।
- आत्मविश्वास आँट, जोस, जाँगर बढ्न गइ व्यक्ति साहसी र पुरुषार्थी बन्छ ।
- दया, प्रेम र करुणाको भाव वृद्धिसँगै अरुप्रति सम्मान र सहकार्य गर्ने क्षमताको विकास हुन्छ ।
- स्मरण शक्तिमा वृद्धि, सोचमा नवीनता र सकारात्मकता बोलीमा माधुर्यता र सिर्जनशीलता बढ्नेछ ।

- बोली व्यवहारमा एकरुपता, सङ्कल्प र निर्णय शक्तिको विकास र लक्ष्यमा एकरुपता आउँछ ।
- विवेकको जागरण, परम शान्ति र आनन्दको महसुस हुन्छ ।

## ५. कार्यक्रमबाट समग्र देश र समाजलाई पुग्ने लाभहरू

- ६००१ जनालाई एक हप्ताभरी विराट् चक्र विज्ञानसहित ध्यान साधना गराउँदा गण्डकी प्रदेश ध्यानमय हुनेछ ।
- व्यक्तिभित्र रहेका सातओटा ऊर्जा केन्द्र सक्रिय गराइ सहभागीहरूको शारीरिक, मानसिक, प्राणिक, भावनात्मक, बैद्धिक, आत्मिक र परम स्वास्थ्य हासिल गर्न मद्धत पुग्ने ।
- विश्वलाई नेपाल राष्ट्र योगभूमि, देवभूमि र तपोभूमि हो भन्ने सन्देश दिन, योग तथा आध्यात्मिक पर्यटन गन्तव्यस्थल रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्धन गर्दै मातृभूमि नेपालबाट आध्यात्मिक नेतृत्वको विकास हुने ।
- व्यक्तिभित्र बढ्दै गएको नकरात्मकता, निराशा, गरिबी, बेरोजगारी र आर्थिक अभावलगायतका मानसिक समस्याबाट माथि उठ्न प्रेरित गर्दै व्यक्तिमा सकारात्मकता, प्रसन्नता, सक्रियता एवम् आत्मविश्वास जगाइ पौरखी, पुरुषार्थी, स्वावलम्बी र शीलयुक्त समाजको निर्माणमा सहयोग पुग्ने ।
- स्वस्थ, दक्ष, उत्प्रेरित र नैतिकवान जनशक्ति निर्माण मार्फत स्वस्थ, खुसी र समृद्ध परिवार, समाज र राष्ट्र निर्माणको आधार तयार हुने ।
- सबै धर्म, सम्प्रदाय र संस्कृतिको एउटै सार "मानव सेवा र कल्याण" भन्ने विषयले प्रश्रय पाउँने । यसबाट राष्ट्रिय एकता, आपसी भाइचारा र सौहार्दतापूर्ण वातावरण सिर्जना हुने ।
- राष्ट्रियता र राष्ट्रिय भावनालाई कायम राखी शासकीय आयामहरू जस्तै निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्थालगायतलाई नवप्रवर्तनशील र सिर्जनशील कार्य गर्न थप प्रोत्साहन मिल्ने ।
- पर्यटकीय नगरीका रूपमा रहेको पोखराको महत्व र विशेषतालाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पुऱ्याउन सहयोग पुग्ने ।